मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने थारु र मैथली समुदायले हर्षोल्लासका साथ मनाउने सिरुवा पर्व/जुडशीतलको सुखद अवसरमा कोशी प्रदेश तथा स्वदेश एवम् विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

सिरुवा पर्व वसन्त ऋतुको आगमन, नयाँ वर्षको सुरुवात र नयाँ आशाको प्रतीक रुपमा मनाइन्छ। वैशाख महिनाको सुरुवातमा नयाँ वर्षको अवसरमा मनाइने यस पर्वमा पानी छ्यापेर एक-अर्कालाई आर्शिवाद दिने र शीतलता बाँड्ने मौलिक परम्परा रहेको छ। यस दिन मानिसहरूले आपसमा मेलमिलाप गरी खुशी साटासाट गर्ने गर्दछन्। प्रकृति, कृषि, पानी र माटोसँग गहिरो सम्बन्ध जोडिएको यस पर्वले आपसी सद्भाव, भाइचारा, मेलमिलाप र साँस्कृतिक एकताको सन्देश प्रवाह गर्दछ।

नेपाल बहुजातिय, बहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो। यसैको जगमा हाम्रो सामाजिक एकता सुदृढ बनेको छ। हाम्रा मौलिक परम्परा र संस्कृतिले हामीलाई साँस्कृतिक रुपमा समृद्ध बनाउँदै हाम्रो सामाजिक एकता र सद्भावलाई अझ प्रगाढ बनाएको छन्। कोशी प्रदेश सरकारले सबै जातजाति, धर्म र संस्कृतिको संरक्षण र संवर्धनलाई उच्च प्राथमिकतामा राखेको छ। प्रदेश सरकारको स्थापना कालदेखि नै विभिन्न समुदायको साँस्कृतिक र परम्परागत पहिचान स्थापित गर्दै सामाजिक एकता र पुस्तान्तरणको सेतुको रूपमा कार्य गर्न हामी क्रियाशील छौं।

विभिन्न समुदायका मौलिक संस्कृति, परम्परा, भाषा र जीवनशैली कोशी प्रदेशको पहिचान र समृद्धिका महत्वपूर्ण आधार हुन्। हाम्रो साँस्कृतिक सबलताको पहिचान र संरक्षण गर्न सके "समृद्ध नेपाल, सुखी नेपाली" लक्ष्य हासिल गर्न सकिन्छ। कृषि, पर्यटन, संस्कृति संरक्षण र सामाजिक विकासमा हाम्रो साँस्कृतिक विविधता र मौलिक परम्पराले पुर्‍याउँदै आएको योगदान अत्यन्तै प्रशंसनीय छ। त्यसैले हामी सबैले हाम्रो मौलिकता, संस्कृति, रीतिरिवाज र पर्वहरूको संरक्षण र प्रवर्धन गर्नु अत्यावश्यक छ।

अन्त्यमा, हाम्रो साँस्कृतिक धरोहरको एक महत्वपूर्ण अंशका रुपमा रहेको सिरुवा पर्वका माध्यमबाट हामी सबैको जीवनमा नयाँ ऊर्जा, खुशी र सकारात्मक सोच प्रवाह होस् भन्ने कामना गर्दछु।

२ वैशाख २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री